# अनुगमन प्रतिवेदन

**अनुगमन कर्ताः बैकुण्ठप्रसाद अर्याल**

**सहसचिव, शिक्षा मन्त्रालय**

**भ्रमण आदेश नः १८८**

**भ्रमण अवधिः २०७४ असोज १९ देखि असोज २५ सम्म**

**अनुगमन गरेको स्थानः बागलुङ, म्याग्दी र मुस्ताङ्ग जिल्ला शिक्षा कार्यालय**

**अनुगमनको उद्देश्यः**

- जिल्ला शिक्षा कार्यालयले संघिय संरचना अनुसारको जनशक्ति व्यवस्थापनको अवस्था जानकारी लिनु
- जिल्लाको शौक्षिक अवस्था , शौक्षिक कार्यक्रम संञ्चालन तथा व्यवस्थापनमा देखिएका समस्याहरुको जानकारी लिनु
- शैक्षिक सुशासन कायम गर्न भए गरेका प्रयासरु , (विशेष गरी शासकीय सुधारको निम्ति गरेका कार्यहरु) को जानकारी लिनु ।

**अनुगमन गर्दा अवलम्वन गरिएका विधिहरुः**

- अनुगमन गर्दा उल्लेखित उद्देश्यहरु हासिल हुने गरी ३ वटै जिल्ला शिक्षा कार्यालयहरुको स्थलगत अध्ययन एवं अनुगमन गर्नुका साथै धौलागिरी प्राविधिक शिक्षालयको समेत स्थलगत अध्ययन
- स्थलगत अध्ययनको क्रममा सम्वन्धित जिल्ला शिक्षा अधिकारीहरु , जिल्ला शिक्षा कार्यालयका जिम्मेवार पदाधिकारीहरुसगं अन्तरक्रिया छलफल गरी यथार्थ वस्तुगत अवस्थाको वारेमा सुचना लिने र्काय भयो । त्यसक्रममा वार्षिक कार्यक्रमको प्रगति कार्यक्रम संञ्चालन गर्दा अवलम्वन गरेका प्रक्रियाहरु , आईपरेका समस्याहरु एवं समस्या समाधानका निम्ति जिल्लाले गरेका प्रयासहरुको सम्वन्धमा सूचना एवं जानकारी लिने कार्य भयो

- शौक्षिक सुचकमा आधारित रही तथ्याङ्क सङ्कलन गर्ने कार्य भयो । प्राप्त सुचनाको विश्लेषण गरी जिल्लाको शैक्षिक परिवेसको वास्तविक अवस्थाको अध्ययन गर्ने कार्य समेत गरीयो ।

**अनुगमन गर्दा फेला पारेका तथ्यहरुः**

**जिल्लाः म्याग्दी**

- जम्मा २४३ विद्यालय संख्या रहेको म्याग्दीमा माध्यमिक तहमा शिक्षक विद्यार्थी अनुपात अधिक (प्रति शिक्षक ४० भन्दा माथि) तथा प्राविमा अत्यन्त न्यून ( प्रति शिक्षक १० मात्र रहेको)
- जिल्ला शिक्षा कार्यालयमा विद्यालय निरिक्षक, लेखा सम्वद्ध कर्मचारीहरु सहित प्राविधिक जनशक्ति स्वीकृत दरवन्दी अनुसार व्यवस्था हुन नसक्दा दैनिक शौक्षिक प्रशासन संञ्चालनमा समस्या सिर्जना भएको
- शिक्षण अध्यापन अनुमति पत्रको कारण अझै पनि जिल्लाका सवै विद्यालयहरुमा माध्यमिक तहमा विज्ञान शिक्षण गर्ने शिक्षक व्यवस्था हुन नसकेको ।
- सवै स्थानिय तहमा शिक्षा सम्वद्ध कर्मचारी (स्रोतव्यक्ति वाहेक - सवै स्थानिय तहमा स्रोतव्यक्तिको जिम्मेवारी तोकिएको) को अझै पनि व्यवस्थापन हुन नसकेको । अझै पनि चारवटा स्थानिय तहमा शिक्षा सम्वद्ध कर्मचारी व्यवस्थापन हुन नसकेको ।
- एक वटा स्थानिय तहमा विनियोजित प्रथम चौमासिक तलव शिक्षक संख्याको आधारमा अपुग रहेको पाइएको छ ।
- शिक्षक स्थायी पदपूर्ति गर्दा जिल्लामा मधेशी जनजाति लगायतवाट उतीर्ण हुनेको नियुक्ति पदस्थापना भएको तर नियमावलिको प्रावधान वमोजिम १ वर्ष पश्चात अनुकुल स्थान एवं पायक पर्ने जिल्लामा उक्त जनशक्ति सरुवा भई जानाले उक्त स्थानमा लामो समय सम्म पद रिक्त हुन गइ पठनपाठनमा वाधा पुगेको ।

**यद्यपी**

- 'आजको काम आज नै सम्पन्न गर्ने ' लक्ष्य लिइ जिल्ला शिक्षा कार्यालय ले शिक्षक पेशागत संघ संगठन सहित सम्वन्धित सरोकारवालाहरु संगको प्रभावकारी समन्वयमा शौक्षिक सेवा प्रवाह गरि रहेको ,
- आव २०७२।७३ सम्मको वेरुजु फस्र्यौट गर्न सफल रहेपनि अझै झण्डै ११ करोड वरावरको वेरुजु फस्र्योट गर्न वाँकि रहेको जसमा विद्यालय भौतिक सुधार कार्यक्रम तर्फको हिस्सा ठूलो रहेको पाईयो ।

- जिल्ला शिक्षा का र्यालयले गर्नुपर्ने नियमित रिपोर्टिङ्ग /प्रतिवेदन नियमित हुने गरेका जनगुनासोसगं सम्वन्धित पत्रहरुको जवाफ तत्काल पठाउने गरिएको, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, राष्ट्रिय सतर्कता केन्द्र लगायतवाट माग गरिएका सुचना /प्रतिवेदनहरु तत्काल पठाउने. गरेको पनि देखियो ।

**जिल्लाः मुस्ताङ**

- ३३८ जना शिक्षक दरवन्दि ६८ वटा विद्यालय र करिव २५०० विद्यार्थी रहेको मुस्ताङ जिल्लाको ५ वटा स्थनिय तह मध्ये २ वटा स्थानिय तहमा मात्र कर्मचारी व्यवस्थापन हुन सकेको तथापी सवै स्थानीय तह संगको आपसी समन्वयमा शैक्षिक कार्यक्रमहरु संञ्चालन गर्ने प्रयास भईरहेको ।
- यस वर्षको वार्षिक कार्यक्रम कार्यान्वयनको क्रममा रहेको । मुस्ताङ्ग जिल्लामा हिमाली आवसीय विद्यालय ५ वटा संञ्चालन रहेकोमा १ विद्यालयको लागि मात्र संञ्चालन व्यवस्थापन खर्च कार्यक्रममा समावेश भएको पाईएको छ ।
- जिल्लाले वेरुजुको प्रतिशत शुन्यमा झार्ने लक्ष्य लिएकोमा आव २०७२।७३ को शत प्रतिशत वेरुजु फस्र्यौट गर्ने कार्य भएको ।
- जलवायु परिवर्तनको प्रभाव का कारण मुस्ताङ , जोमसोममा पनि वर्षा हुन थालेपछि कार्यालय भवनको छाना चुहिन थालेकोले समस्या पैदा भएको देखिएको छ ।
- मुस्ताङको लेतेमा अवस्थित धौलागिरी प्राविधिक शिक्षालय जहाँ विभिन्न ४ विषय(कृषि वागवानी, भेटरीनरी, होटेल म्यानेजमेन्ट र कुकिङ्ग तथा वेकरी) मा १४४ विद्यार्थी अध्ययन गरिरहेका छन् । त्यहाँवाट उत्पादित जनशक्ति मध्ये ८५ प्रतिशत भन्दा वढि रोजगारीमा आवद्व भएको पनि अनुगमनको क्रममा देखिएको छ ।
- उक्त्त प्राविधिक शिक्षालयमा जनस्तरवाट टे्रकिङ गाइड तर्फको पठनपाठन हुनुपर्ने माग आईरहेको तथा झण्डै ५ करोड वरावरको लागतका टे्रकिङ का सामाग्रीहरु पनि उक्त शिक्षालयमा रहेको पाइएको छ ।

**जिल्लाः बागलुङ**

- १० स्थानिय तह रहेको वागलुङमा हालसम्म जम्मा २ स्थानिय तहमा मात्र शिक्षा सम्वन्धि कर्मचारी व्यवस्थापन हुन सकेको, २ नगरपालिका र ६ गाँउ पालिकामा अझैपनि शिक्षा सम्वन्धि जनशक्ति व्यवस्थापन हुन सकेको छैन ।
- दुई स्थानीय तह (काठेखोला र गलकोट गाउपालिका)मा प्रथम चौमासिक शिक्षक तलव भत्ता वापतको रकम पुग्ने गरी विनियोजन भएको पाइएन ।

- जिल्लामा वेरुजु संग सम्वन्धित खासै समस्या नरहेको तथा स्थानिय निकायसंग समन्वयात्मक ढंगवाट कार्य भइरहेको पाइएको छ ।
- संघीयता अनुरुप कर्मचारी समायोजन र व्यवस्थापन सम्वन्धि जिल्ला शिक्षा कार्यालयका कर्मचारीहरुमा अन्यौलता कायमै रहेको त्यसको साथै शौक्षिक सेवा प्रवाहमा कुन कुन निकायको कस्तो भूमिका हुने विषयमा स्पस्टता नहुदा प्रभावकारी सेवा प्रवाहमा अन्यौलता कायम रहेको देखिएको छ ।

**निस्कर्ष एंव सुझावहरुः**

- स्थानिय तहमा शौक्षिक सेवा प्रवाह गर्नको लागि शिक्षा सम्वद्ध कर्मचारी व्यवस्थापन तत्काल गर्नूपर्ने । सेवाको प्रकृति , विद्यालय/विद्यार्थी संख्या, जनसंख्या समेतको आधारमा स्थानिय तहगत जनशक्तिको आङ्कलन र व्यवस्थापन गर्नुपर्ने ।
- स्थानिय तहलाई शिक्षक तलव भत्ता वापत प्रदान गरिएको शसर्त अनुदान रकम शिक्षक संख्या (तहगत, श्रेणीगत) को आधारमा वास्तविक गणना (Actual Calculation) गरी न्यून भएको तहमा थप व्यवस्थापन गर्नूपर्ने ।
- जिल्ला शिक्षा कार्यालय पनि साविकको रुपमा नै सञ्चालन भईरहेको र स्थानिय तहले पनि शौक्षिक सेवा प्रवाहको अभ्यास गर्न खोजेकोले द्विविधा भएका कतिपय विषय (शिक्षक व्यवस्थापन, सरुवा आदि) मा कुन निकायको भूमिका के हुने , आपसी समन्वय कुन ढङ्गवाट गर्ने सो सम्वन्धमा संक्रमणकालिन व्यवस्थाको निम्ति एक कार्यविधि वा निर्देशन तयार गरी थप प्रष्ट पार्नुपर्ने ।
- मुस्ताङ्ग जिल्ला शिक्षा कार्यालयको भवनको छानाफेर्ने कार्यको लागि स्रोत व्यवस्थापन तत्काल गर्नूपर्ने साथै जिशिकामा रहेको सवारी साधन लगायत कार्यालय व्यवस्थापनको निम्ति उपयुक्त विकल्प एवं सुधार कार्य तत्काल गर्नुपर्ने,
- मुस्ताङको लेते स्थिति धौलागिरी प्राविधिक शिक्षालयमा रहेको टेकिङ्ग सामाग्री व्यवस्थापनको लागि उपयुक्त विकल्प पहिचान गरि CTEVT मार्फत सोको उपयोगको निम्ति निर्देशन प्रदान गर्नुपर्ने ।
- शिक्षकलाई सम्वन्धित विद्यालयमा नै टिकाईराख्ने व्यवस्थाको लागि उत्प्रेरणात्मक व्यवस्था एवं नीतिगत पुनरावलोकन गर्नुपर्ने ।